## १७) योजना फरफारक

१) योजना सम्पन्न भई सकेपछि सम्विन्धित निकायलाई जानकारी गराउने र नियमानुसार फरफारक गराउने दायित्व सम्वन्धित उपभोक्ता समितिको हुने छ । यसरी फरफारक गराउँदा उपभोक्ता समितिले देहाय वमोजिमका कागजात संलग्न गरी पेश गर्नु पर्ने छ ।

क) उपभोक्ता समितिको निर्णय

ख) प्राविधिकको अन्तिम मुल्याङ्कन, नापी विवरण र कार्य सम्पन्न प्रतिवेदन र

ग) सार्वजनिक परिक्षणको प्रतिवेदन

## १८) योजनाको हस्तान्तरण

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ को उपनियम (च) बमोजिम आयोजनाको जाँचपास भई फरफारक भई सकेपछि सम्वन्धित गाँउपालिकाले उक्त योजना सम्वन्धित उपभोक्ता समितिलाई अनुसुचि ४ बमोजिमको फाराम भरी उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्नु पर्नेछ र उपभोक्ता समितिले जिम्मा लिई सञ्चालन गर्नु पर्नेछ ।

## १९) मर्मत सम्भार तथा सञ्चालन

१) उपभोक्ता समितिलाई योजाना हस्तान्तरण भई सकेपछि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ को उपनियम (ज), (झ) र (ञ) बमोजिम उपभोक्ता समितिले देहायको काम गर्न सक्ने छ:

क) सो योजना मर्मत संभारका लागि आवश्यक व्यवस्था मिलाउन योजनाबाट सेवा प्राप्त गर्ने समुहबाट सेवा शुल्क लिने ।

ख) सेवा शुल्क वापत असुल गर्ने रकमको दर निर्धारण गर्दा योजनाको प्रकृति हेरी लाभान्वित उपभोक्ताहरुको समुहको बैठकबाट निर्धारण गरी गाँउपालिकाको स्वीकृति लिई कार्यान्वयन गर्ने ।

ग) सम्वन्धित निकायले दिएको नीति र निर्देशनको अधिनमा रही सम्पन्न योजनाको सञ्चालन र मर्मत संभारका लागि पहल गर्ने ।

घ) मर्मत सम्भार तथा सञ्चालन कोष खडा गरी व्यवस्थीत एवं पारदर्शी ढंगले अभिलेख राखी कारोवार गर्ने ।

२) उपभोक्ता समितिले आफूले सञ्चालन गरी हस्तान्तरण भई आएका योजनाको मर्मत संभार गर्दा उपभोक्ता समितिको बैठकबाट देहाय वमोजिमको मर्मत सम्भार समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) महिला सदस्य | २ जना |
| ग) सदस्य | २ जना |

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष